# सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७९

आन्तरिक मामिला
बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७९

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०७९।११।११

**<u>प्रस्तावनाः</u>** प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहत निकाय तथा आयोजनामा रिक्त रहेको स्वीकृत अस्थायी दरबन्दीमा इन्जिनियर, सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियर, ल्याव टेक्निसियन र असिस्टेन्ट ल्याव टेक्निसियन पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा भर्ना गर्न छनौट सम्बन्धी प्रक्रिया, मापदण्ड, कार्यविधि एवं मूल्याङ्कनका आधारहरू तय गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले मन्त्रालय मातहतका आयोजना सम्झनु पर्छ।

(ख) "इन्जिनियर" भन्नाले मन्त्रालय मातहतका आयोजनामा सेवा करारमा काम गर्ने इन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमूहका इन्जिनियरलाई सम्झनु पर्छ।

(ग) "सब इन्जिनियर" भन्नाले मन्त्रालय मातहतका आयोजनामा सेवा करारमा काम गर्ने इन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमूहका सब इन्जिनियरलाई सम्झनु पर्छ।

(घ) "ल्याव टेक्निसियन" भन्नाले मन्त्रालय मातहतका आयोजनामा सेवा करारमा काम गर्ने इन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमूहका ल्याव टेक्निसियनलाई सम्झनु पर्छ।

(ङ) "असिस्टेन्ट सब इन्जिनियर" भन्नाले मन्त्रालय मातहतका आयोजनामा सेवा करारमा काम गर्ने इन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमूहका असिस्टेन्ट सब इन्जिनियरलाई सम्झनु पर्छ।

(च) "असिस्टेन्ट ल्याव टेक्निसियन" भन्नाले मन्त्रालय मातहतका आयोजनामा सेवा करारमा काम गर्ने इन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमूहका असिस्टेन्ट ल्याव टेक्निसियनलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) "कर्मचारी" भन्नाले प्राविधिक जनशक्ति छनौट समितिको प्रशासनिक कामकारबाहीको सहयोगको लागि तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ज) "दक्ष व्यक्ति" भन्नाले प्राविधिक जनशक्ति छनौट गर्नका लागि मूल्याङ्कन गर्ने कार्यमा संलग्न विषयगत दक्षता भएको व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले विज्ञलाई समेत जनाउँछ।

(झ) "नाता सम्बन्ध" भन्नाले पति-पत्नी तथा छोरा-छोरी, धर्मपुत्र-धर्मपुत्री, दाजु-भाइ, दिदी-बहिनी, भाउजू-बुहारी, काका-काकी, ठूलोबुबा-ठुलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भान्जा-भान्जी, भिनाजु-ज्वाई, मामा-माइज्यू, फुपू-फुपाज्यू, साला-साली र तिनका छोराछोरीलाई सम्झनु पर्छ।

(ञ) "छनौट समिति" भन्नाले मन्त्रालय मातहतका आयोजनाका लागि सेवा करारमा प्राविधिक जनशक्ति छनौट गर्न दफा ५ बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्छ।

(ट) "अन्तर्वार्ता समिति" भन्नाले अन्तर्वार्ताका लागि योग्य उम्मेदवारहरूको अन्तर्वार्ता लिन गठित दफा ६ बमोजिमको अन्तर्वार्ता समितिलाई सम्झनु पर्छ।

(ठ) "प्राविधिक जनशक्ति" भन्नाले मन्त्रालय र मातहतका डिभिजन कार्यालयहरूमा स्वीकृत दरबन्दी अनुसारको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पदमा काम गर्ने इन्जिनियर, सब इन्जिनियर, असिस्टेन्टसव इन्जिनियर, ल्याव टेक्निसियन र असिस्टेन्ट ल्याव टेक्निसियन भन्ने सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद- २

## रिक्त पदको विवरण सङ्कलन र पद सङ्ख्या निर्धारण

३. **रिक्त पदको विवरण सङ्कलन:** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम करारमा आवश्यक जनशक्ति नियुक्ति गर्ने प्रयोजनको लागि स्वीकृत अस्थायी दरबन्दीमा पदपूर्ति नभएको पदहरूको विवरण सङ्कलन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरेपछि रिक्त देखिन आएका स्वीकृत अस्थायी दरबन्दीका पदहरूमा यस कार्यविधि बमोजिम सेवा करारमा प्राविधिक जनशक्ति छनौट गर्नका लागि पद सङ्ख्या निर्धारण गर्नुपर्नेछ ।

४. **करारमा नियुक्ति प्रक्रिया अगाडी बढाइने:** दफा ३ बमोजिम सेवा करारमा प्राविधिक जनशक्ति छनौटको गर्नका लागि पद सङ्ख्या निर्धारण भएपछि मन्त्रालयबाट छनौट समितिलाई सेवा करारमा नियुक्ति गरिनुपर्ने प्राविधिक जनशक्तिको विवरण यस कार्यविधि बमोजिम प्रक्रिया अगाडी बढाउनको लागि उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ३

## छनौट समिति तथा अन्तर्वार्ता समिति सम्बन्धी व्यवस्था

५. **छनौट समितिको गठनः** (१) मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरूको करारमा नियुक्ति गरिनुपर्ने प्राविधिक जनशक्ति छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिनेछः-

(क) मन्त्रालयले तोकेको मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -संयोजक

(ख) मन्त्रालयले तोकेको मन्त्रालयको इन्जिनियर -सदस्य

(ग) कानून अधिकृत, मन्त्रालय -सदस्य

(घ) लेखा अधिकृत, मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयले तोकेको मन्त्रालयको प्रशासन शाखाको प्रमुख -सदस्य सचिव

(२) छनौट समितिमा आवश्यकता अनुसार दक्ष वा विशेषज्ञको रूपमा थप एक जना व्यक्तिलाई आमन्त्रित गर्न सकिनेछ।

(३) छनौट समितिले यस मन्त्रालय अन्तर्गतका निकाय तथा आयोजनामा आवश्यक प्राविधिक जनशक्ति करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सम्पूर्ण प्रक्रिया पुरा गरी नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६. **अन्तर्वार्ता समितिको गठनः** (१) अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता लिने प्रयोजनका लागि मन्त्रालयले देहाय बमोजिमको अन्तर्वार्ता समिति गठन गर्नेछ।

(क) मन्त्रालय वा अन्तर्गतको निकायको कम्तीमा नवौं तहको प्राविधिक अधिकृत -संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कम्तीमा आठौं तहको अधिकृत -सदस्य

(ग) सम्बन्धित विषयको विज्ञ -सदस्य

(२) अन्तर्वार्ता समितिले अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारको अन्तर्वार्ता लिई अङ्कभार सहितको सूची तयार गरी आवश्यक कागजातसहित मन्त्रालयमा बुझाउनेछ।

(३) अन्तर्वार्तामा सहभागी उम्मेदवारहरूमध्ये कुनै उम्मेदवारको उपदफा (१) बमोजिमका समितिका सदस्यहरूसँग नाता-सम्बन्ध पर्न गएमा त्यस्तो नाता-सम्बन्ध पर्ने सदस्यले अन्तर्वार्ता लिने प्रयोजनको लागि समितिमा सहभागी हुन पाउने छैन। मन्त्रालयले निजको स्थानमा योग्यता पुग्ने अन्य कुनै व्यक्तिलाई समितिको सदस्यको रूपमा तोक्नु पर्नेछ।

## परिच्छेद- ४

## पदपूर्ति तथा छनौट सम्बन्धी व्यवस्था

७. **सेवा करारको लागि उम्मेदवारको योग्यताः** (१) देहायका व्यक्तिहरू नियुक्तिको लागि आवेदन दिन योग्य मानिनेछन्:-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) नेपाली नागरिक,

(ख) इन्जिनियर पदका लागि एक्काइस वर्ष र सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियर, ल्याव टेक्निसियन र असिस्टेन्ट ल्याव टेक्निसियन पदका लागि अठार वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्यादसम्म पैंतीस वर्ष ननाघेको, महिलाको हकमा चालिस वर्ष उमेर पुरा नभएको,

(ग) इन्जिनियर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित सिभिल इन्जिनियरिङ्ग वा हाइवे वा ट्रान्स्पोर्टेशन वा स्ट्रक्चरल विषयमा बी. ई. वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको,

(घ) सब इन्जिनियर/ल्याव टेक्निसियन पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सेवा समूहसँग सम्बन्धित सिभिल इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको, ल्याव टेक्निसियन पदको हकमा एक महिना स्वायल ल्यावरेटोरी टेक्निसियनको तालिम प्राप्त गरेको,

(ङ) असिस्टेन्ट सब इन्जिनियर/असिस्टेन्ट ल्याव टेक्निसियनको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि. एस. एल. सी. उत्तीर्ण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

असिस्टेण्ट ल्याव टेक्निसियन पदको हकमा एक महिना स्वायल ल्यावरेटोरी टेक्निसियनको तालिम प्राप्त गरेको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(छ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

८. **<u>सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्थाः</u>** (१) सेवा करारमा लिई पदपूर्ति गर्न सूचना प्रकाशन गर्दा दफा ७ बमोजिमको योग्यता हासिल गरेका इच्छुक व्यक्तिहरू मध्येबाट दरखास्त आह्वान गरिनेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त आह्वान गर्दा कम्तीमा सात दिनको समय दिई राष्ट्रियस्तरको पत्रिकामा अनुसूची- १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ र सो सूचना मन्त्रालयको वेबसाइट तथा सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

(३) प्राविधिक जनशक्ति पदको लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले उपदफा (२) मा उल्लेख गरिएको सूचनामा तोकिएको म्यादभित्र अनुसूची-२ बमोजिमको दरखास्त फाराम भरी सोही सूचनामा उल्लेख गरिएको स्थानमा बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दरखास्त फाराम बुझाउँदा दरखास्तको साथमा निम्न कुराहरू संलग्न हुनुपर्नेछः-

(क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(ख) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) इन्जिनियर पदका लागि नेपाल इन्जिनियरिङ्ग काउन्सिलको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(घ) अनुभव भए सो को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(५) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानबिन गर्दा रीत पुगेको र सूचनामा उल्लिखित योग्यता पुरा भएको दरखास्त मात्र स्वीकृत हुनेछ।

९. <u>**छनौटका आधार:**</u> (१) प्राविधिक जनशक्ति पदमा छनौटको लागि उम्मेदवारको शैक्षिक योग्यता, पूर्व कार्य अनुभव तथा अन्तर्वार्ता बापत कुल १०० पूर्णाङ्क हुने गरी अङ्क प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता तथा पूर्व कार्य अनुभव बापत छनौट समितिले यस कार्यविधिमा व्यवस्था भए अनुसारको मूल्याङ्कनको आधारमा कुल ८० अङ्क सम्म प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अन्तर्वार्ता बापत अन्तर्वार्ता समितिले यस कार्यविधिको अन्य प्रावधानहरूको अधीनमा रही छनौट भएका उम्मेदवारको अन्तर्वार्ता लिई कुल २० अङ्क सम्म प्रदान गर्न सक्नेछ।

तर अन्तर्वार्ता समितिले अङ्क प्रदान गर्दा सामान्यतया अधिकतम १४ र न्यूनतम ८ अङ्कको सीमा भित्र प्रदान गर्नु पर्नेछ। सो भन्दा बढी वा घटी अङ्क प्रदान गर्नु परेमा सो को स्पष्ट कारण उल्लेख गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (१) बमोजिम प्रदान गरिने अङ्कभारको विभाजन अनुसूची- ३ बमोजिम हुनेछ।

१०. **अन्तर्वार्ता सम्बन्धी व्यवस्था:** (१) अन्तिम नतिजा प्रकाशनको लागि छनौट समितिले दफा ९ को उपदफा (२) बमोजिम व्यवस्था भएको परीक्षण विधिबाट प्राप्त अङ्कका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको नामावली छनौट गरी अन्तर्वार्ताका लागि बोलाउनेछ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारहरूको नामावली प्रकाशन गर्दा माग पद भन्दा तेब्बर सङ्ख्यामा उम्मेदवार हुने गरी प्रकाशन गर्नुपर्नेछ।

तर,

(क) त्यसरी उम्मेदवारको नामावली प्रकाशन गर्दा उम्मेदवारको सङ्ख्या अपुग हुने भएमा उपदफा (१) बमोजिमका योग्य उम्मेदवारहरूको मात्र नामावली प्रकाशन गर्न बाधा पुगेको मानिने छैन।

(ख) उपदफा (१) बमोजिम अन्तर्वार्ताको लागि छनौट भएको उम्मेदवारहरूमध्ये अन्तिम उम्मेदवारहरूको अङ्क समान भएमा समान अङ्क भएका त्यस्ता उम्मेदवारहरूलाई अन्तर्वार्ताको लागि छनौट गर्न बाधा परेको मानिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (२) बमोजिम नामावलीमा नाम प्रकाशन भएका उम्मेदवारको अन्तर्वार्ता समितिले यस कार्यविधिको अन्य प्रावधानहरूको अधीनमा रही अन्तर्वार्ता लिनेछ।

११. **अन्तिम नामावली प्रकाशन तथा सेवा करारका लागि सिफारिसः** (१) दफा १० बमोजिम उम्मेदवारहरूको अन्तर्वार्ता पश्चात् छनौट समितिले उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्कलाई दफा ६ को उपदफा (२) बमोजिमको परीक्षण विधिबाट प्राप्त कुल अङ्कमा जोडी अभिलेख राख्नेछ।

(२) छनौट समितिले उपदफा (१) बमोजिमको अभिलेखबाट देखिने सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको आवश्यक सङ्ख्या सेवा करारमा नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(३) छनौट समितिले उम्मेदवारहरू सिफारिससँगै उपदफा (२) बमोजिम प्राप्ताङ्कका कारण तत्काल सिफारिस हुन नसकेका उम्मेदवारहरूको नाम संलग्न गरी माग गरिएको पद अनुसारकै सङ्ख्यामा वा उपलब्ध भएसम्मको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको समेत सिफारिस गरी नामावली प्रकाशन गर्नेछ।

(४) यस कार्यविधि बमोजिम सेवा करारमा राखिएका प्राविधिक जनशक्तिको पद रिक्त भएमा वैकल्पिक सूचीमा भएका उम्मेदवारहरूमध्येबाट योग्यताक्रमको आधारमा सेवा करारको लागि सिफारिस गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **<u>सेवा सुविधा एवं पदावधि सम्बन्धी व्यवस्था:</u>** (१) यस कार्यविधि बमोजिम सेवा करारमा नियुक्ति हुने उम्मेदवारको सेवा करारको अवधि सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।

(२) सेवा करारमा नियुक्त हुने उम्मेदवारको मासिक पारिश्रमिक प्रदेश सरकारको समान तह र पदले खाईपाई आएको शुरू तलब स्केल बराबर हुनेछ।

(३) सेवा करारमा नियुक्तिको लागि छनौट भएका उम्मेदवारहरूलाई मासिक पारिश्रमिक बाहेक सेवा करार सम्झौता बमोजिमको अन्य सुविधा दिन सकिनेछ।

## परिच्छेद- ४

## <u>विविध</u>

१३. **<u>छनौट समितिले आवश्यक व्यवस्था गर्न सक्ने:</u>** (१) छनौट समितिले आवश्यकता अनुसार आफ्ना काम कारबाहीका सम्बन्धमा प्रयोजन हेरी छुट्टाछुट्टै निर्णय पुस्तिका, दर्ता किताब, चलानी किताब आदि खडा गर्न सक्नेछ।

(२) छनौट समितिले यस कार्यविधि बमोजिम उपयुक्त उम्मेदवार छनौट गर्नका लागि छनौट प्रक्रियामा सहभागी उम्मेदवारलाई अङ्क प्रदान गर्नका निम्ति प्रयोग हुने प्राप्ताङ्क तालिका (Scoresheet), प्रवेश पत्रलगायत अन्य आवश्यक कागजातको ढाँचा आफैं निर्धारण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) छनौट समितिले आफैंले गर्ने कार्य बाहेक गोपनीयता भङ्ग नहुने साधारण कार्य गर्नको लागि मन्त्रालय वा मातहतका निकायका कर्मचारीहरूको सहयोग लिन सक्नेछ।

(४) छनौट समितिले दरखास्त आह्वान गरिएको सूचना, कार्यविधि, प्राविधिक जनशक्तिको पद अनुसारको कार्यविवरण (TOR) तथा आयोजना सम्बन्धी आधारभूत जानकारी भएको अन्य सामाग्रीहरू लगायत आवश्यक देखेका अन्य कुराहरू जानकारीको लागि मन्त्रालयले सूचना डेस्क वा वेबसाइट मार्फत सूचना प्रवाह गर्नेछ।

(५) छनौट समितिले छनौट सम्बन्धी कार्यप्रक्रिया अवलम्बन गर्दा यस कार्यविधिमा उल्लेख नभएका व्यवस्थाहरूको हकमा लोक सेवा आयोगद्वारा निर्धारण भएको सिद्धान्त, कार्यविधि र प्रक्रियालाई अवलम्बन गर्नेछ।

१४. <u>**सेवा करार सम्झौताका सर्तहरू:**</u> (१) यस कार्यविधि बमोजिम करार सेवामा नियुक्त भएका उम्मेदवारहरूसँग गरिने सेवा करार सम्झौता छनौट समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा करार सम्झौतामा अन्य आवश्यक विषयहरूका अतिरिक्त देहाय बमोजिमका विषयहरू अनिवार्य रूपमा खुलाउनु पर्नेछः-

(क) सेवा करार सम्झौताको अधिकतम अवधि,

(ख) सेवा करारमा रही गर्नु पर्ने कामको विवरण वा त्यस्तो कामको विवरण कसरी निर्धारण हुने हो सो कुरा,

(ग) सेवाका सर्त र सुविधा,

(घ) करारको अवधि थप हुन सक्ने अवस्था,

(ङ) करार भङ्ग हुने अवस्था,

(च) मासिक पारिश्रमिक,

(छ) बिदा लगायत अन्य आवश्यक विषय।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा करार सम्झौतामा करारमा नियुक्त उम्मेदवारलाई प्रदान गरिने मासिक पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, चाडपर्व खर्च, महङ्गी भत्ता र पोसाक भत्ता बाहेक प्रदेश सरकारको तर्फबाट अन्य आर्थिक दायित्व सिर्जना हुने प्रकृतिको सर्त समावेश भएकोमा त्यस्तो करार सम्झौता गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सहमति प्राप्त गर्ने प्रयोजनको लागि अन्य आवश्यक विवरण सहित करार सम्झौताको प्रस्तावित मस्यौदा सहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

**१५. <u>समितिका सदस्यलाई पारिश्रमिक दिइने:</u>** (१) यस कार्यविधि बमोजिम सेवा करारमा प्राविधिक जनशक्ति नियुक्ति प्रक्रियामा दफा १३ को उपदफा (३) बमोजिम सहयोगका लागि खटिएका बढीमा तीन

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

जनासम्म कर्मचारीलाई दरखास्त आह्वानबाट पर्न आएका दरखास्त उपरको छानबिन र स्वीकृति, कार्यालय समय अघिपछि पदपूर्ति प्रक्रियासँग सम्बन्धित काम कारबाही सम्पादन गर्दा अतिरिक्त समयमा काम गर्नु परेमा सो काम गरे बापत मन्त्रालयबाट पारिश्रमिक उपलब्ध गराइनेछ।

(२) यस कार्यविधि बमोजिम अन्तर्वार्ता प्रयोजनको लागि खटिने छनौट समिति र अन्तर्वार्ता समितिका सदस्यहरूलाई मन्त्रालयबाट बैठक भत्ता उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिमको पारिश्रमिक प्रदेश लोक सेवा आयोगको प्रचलित पारिश्रमिक दररेट भन्दा बढी नहुने गरी उपलब्ध गराइनेछ।

(४) उपदफा (३) को प्रयोजनको लागि मन्त्रालयले प्रदेश लोक सेवा आयोगसँग विषयगत प्रचलित पारिश्रमिक दररेटको बारेमा जानकारी प्राप्त गर्न सक्नेछ।

१६. **आवश्यक व्यवस्था मिलाउने:** (१) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा आइ परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी छनौट समितिको सिफारिसमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गर्ने प्रयोजनका लागि छनौट समितिले मन्त्रालयलाई सिफारिस गर्ने प्रयोजनको लागि लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सामान्य सिद्धान्तलाई आधार मान्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

१७. **<u>खारेजी र बचाउ:</u>** (१) सेवा करारमा जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिबाट भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

हेटौंडा, नेपाल

**<u>सेवा करारमा लिने सम्बन्धी सूचना</u>**

(प्रथम पटक सूचना प्रकाशन मितिः२०...../...../......)

यस मन्त्रालय र अन्तर्गतका काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला स्थित विभिन्न योजना/आयोजनाहरूका लागि देहाय बमोजिमका सेवा, समूह र उपसमूह र सङ्ख्यामा देहाय बमोजिमको योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र यस मन्त्रालयमा दरखास्त दिनहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. <u>विज्ञापन नं. र सेवा सम्बन्धी विवरण:</u>**

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | माग सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**२. <u>आवश्यक न्यूनतम शैक्षिक योग्यताः</u>**

(क) इन्जिनियर तह ७, सिभिल/हाइवेः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित सिभिल इन्जिनियरिङ्ग वा हाइवे वा

ट्रान्स्पोर्टेशन वा स्ट्रक्चरल विषयमा बी. ई. वा सो सरह उत्तीर्ण भई इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको।

(ख) इन्जिनियर तह ७, सिभिल/वि.एण्ड आर्कः मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल/सिभिल इन्जिनियरिङ्ग विषयमा वि.आर्क./बी.ई. वा सो सरह उत्तीर्ण भई इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको।

(ग) सब इन्जिनियर/ल्याव टेक्निसियन पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सेवा समूहसँग सम्बन्धित सिभिल इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, ल्याव टेक्निसियन पदको हकमा एक महिना स्वायल ल्यावरेटोरी टेक्निसियनको तालिम प्राप्त गरेको।

(घ) असिस्टेन्ट सब इन्जिनियर/असिस्टेन्ट ल्याव टेक्निसियन को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि. एस. एल. सी. उत्तीर्ण। असिस्टेण्ट ल्याव टेक्निसियन पदको हकमा एक महिना स्वायल ल्यावरेटोरी टेक्निसियनको तालिम प्राप्त गरेको।

३. **<u>परीक्षाको किसिमः</u>** शैक्षिक योग्यता, पूर्व कार्य अनुभवको मूल्याङ्कन तथा अन्तर्वार्ता।

४. **<u>दरखास्त पाइने स्थानः</u>** दरखास्त फाराम भौतिक पूर्वाधार विकास मन्त्रालयको वेबसाइट https://mopid.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

५. **<u>दरखास्त दिने अन्तिम मितिः</u>** २०.../..../....... गते दिनको कार्यालय समय सम्म। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय खुलेको दिन बुझाउन सकिनेछ।

६. **<u>उम्मेदवारको उमेरको हदः</u>** दरखास्त दिने अन्तिम मिति सम्म सातौं तहको लागि २१ वर्ष पुरा तथा पाँचौं तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने। महिला उम्मेदवारको हकमा उमेरको पछिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ।

७. **<u>अन्तर्वार्ता हुने मितिः</u>** सूचनामा मिति तोकि प्रकाशन गरिनेछ।

८. **<u>तलब सुविधाः</u>** सम्बन्धित पद/तहले पाउने प्रचलित शुरू तलब स्केल बमोजिम हुने।

९. **<u>सेवा करारमा रही काम गर्नुपर्ने स्थान र कामको विवरणः</u>** भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार गरेको कार्यविवरण र करार सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुने।

१०. **<u>दरखास्तसाथ उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरूः</u>**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) शैक्षिक योग्यताको लब्धाङ्कपत्रको प्रतिलिपि,
(ग) शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
(घ) शैक्षिक योग्यताको समकक्षता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपि,
(ङ) सातौं तहको लागि इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(च) कार्य अनुभव (यदि भएमा) को सम्बन्धित निकायबाट जारी भएको प्रमाणित पत्र।

**<u>द्रष्टव्यः</u>**

(क) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात संलग्न नगरेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) अन्तर्वार्ता हुने दिन उम्मेदवारले दरखास्तसाथ पेश गरेका कागजातको सक्कलै प्रति साथमा लिई अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १ (एक) घण्टा अगावै तोकिएको स्थानमा उपस्थित भई सबै सक्कल कागजात पेश गरी रुजू गराउनुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

(घ) उम्मेदवारले यस सम्बन्धमा थप कुनै कुरा बुझ्नु परेमा मन्त्रालयको प्रशासन महाशाखा (टेलिफोन नं. ०५७-५२६८०४) मा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यस विज्ञापनका सम्बन्धमा जारी हुने थप सूचना तथा संशोधन सम्बन्धी जानकारी तथा सूचनाहरू सूचना पाटी तथा मन्त्रालयको वेबसाइटमा राखिने भएकोले दरखास्त दिने उम्मेदवारले नियमित रूपमा वेबसाइट हेर्नुहुन जानकारी गराइन्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची- २

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार तथा विकास मन्त्रालय

हेटौंडा, नेपाल

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## करार सेवाको लागि दरखास्त फाराम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| | |
|---|---|
| क) सेवा :- | विज्ञापन नं. |
| ख) समूहः- | |
| ग) उपसमूह :- | |
| घ) श्रेणी/तह : | |
| ङ) पद :- | |

**(क) वैयक्तिक विवरणः**

| | | | |
|---|---|---|---|
| **नाम थर** | (देवनागरीमा): | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| नागरिकता नंः | | जारी गर्ने जिल्ला : | जारी मिति : |
| **स्थायी ठेगाना** | क) जिल्लाः | ख) न.पा./गा.पा. | ग) वडा नंः |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं.: |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेलः |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा): (ईस्वि संवतमा) | |
| बाजेको नाम, थर : | | हालको उमेर : वर्ष महिना | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरणः**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | | श्रेणी/तह | स्थायी/अस्थायी/करार | | अवधि |
|---|---|---|---|---|---|---|---|
| | | सेवा | समूह | | देखि | सम्म | |
| | | | | | | | |
| | | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु, बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरूमा उल्लेखित सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लिखित शर्तहरू पूर्णरूपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td><td colspan="2" rowspan="2">मितिः</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td colspan="4">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="4">रोल नं. :</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td colspan="3">दरखास्त रुजू गर्नेको नाम र दस्तखतः<br>मिति :</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखतः<br>मिति :</td></tr>
</table>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ३

दफा ९ को उपदफा (४) सँग सम्बन्धित

**<u>उम्मेदवारलाई प्रदान गरिने अङ्क सम्बन्धी व्यवस्था</u>**

| क्र.सं. | अङ्क प्रदान गरिने आधार | प्रदान गरिने विषयगत अङ्क | प्रदान गरिने कुल अङ्क |
|---|---|---|---|
| १ | **<u>शैक्षिक योग्यता बापत</u>** | | ४० |
| (क) | ८०% वा जि.पि.ए. ३.२ देखि माथि भएमा | ४० | |
| | ६०% वा जि.पि.ए. २.४ देखि माथि भएमा | ३८ | |
| (ग) | ४०% वा जि.पि.ए. १.६ देखि माथि भएमा | ३६ | |
| २ | **<u>पूर्व कार्य अनुभव बापत</u>** | | ४० |
| (क) | सामान्य अनुभव बापत | | |
| | दामासाही रूपमा प्रतिवर्ष ५ अङ्क का दरले ४ वर्ष भन्दा माथि जतिसुकै वर्ष भए तापनि अधिकतम २० अङ्क) | अधिकतम २० सम्म | |
| (ख) | सम्बन्धित क्षेत्र (सडक क्षेत्र, भवन क्षेत्र आदी) को अनुभव बापत(*एक वर्षभन्दा कम अवधिको अनुभव भएमा दामासाहीले अङ्क प्रदान गरिनेछ।)* | | |
| | १ वर्षसम्मको अनुभव भएमा | १० | |
| | १ वर्ष भन्दा बढीको अनुभव भएमा | १५ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| (ग) | प्रदेश सरकार अन्तर्गत काम गरेको अनुभव बापत | ५ | |
| ३ | **<u>अन्तर्वार्ताबापत</u>**<br>*(देहायका शीर्षकहरूमा अङ्क प्रदान गरिनेछ)* | | |
| (क) | सम्बन्धित विषयवस्तुको ज्ञान, सीप, दक्षता बापत | | २० |
| (ख) | व्यक्तित्व | | |
| (ग) | सिर्जनशील क्षमता | | |
| (घ) | प्रस्तुति र शुद्धता | | |
| (ङ) | आत्मविश्वास | | |
| **कुल अङ्क** | | | १०० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश